# केपिलासगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यलय
बाक्सिला, खोटाङ
कोशी प्रदेश, नेपाल


सूचना नं. १२०
चलानी नं.

मिति २०८१।०३।१९
ने.स. ११४४ तछलागा, द्वादशी

**विषयः व्यक्तिगत तथा पुनः श्रम स्वीकृती सम्बनधी सूचना।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगार ऐन २०६४, तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य रुपमा श्रम स्वीकृती लिनु पर्ने व्यवस्था रहेको छ। वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, पारदर्शी तथा सेवाग्राहीलाई सहजरुपले सेवा प्रदान गर्ने उदेश्य अनुरुप श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९/१२/१६ गतेको निर्णयानुसार व्यक्तिगत तथा पुनः श्रम स्वीकृतिको अनलाइन आवेदन गर्ने कार्य यस गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

- **व्यक्तिगत श्रम स्वीकृतिको लागि चाहिने आवश्यक कागजातहरुः-**
  - तोकिएको ढांचाको अनलाइन आवेदन, प्रवेशाज्ञा (VISA), कार्य अनुमति (Work Permit), स्व-घोषणा पत्र, राहादानी र सोको प्रतिलिति,
  - रोजगार सम्झोता पत्र वा अफर लेटर (कतार, साउदी, यु.ए.इ. र कुवेतको हकमा नेपाली दुतावासबाट प्रमाणित भएको हुनु पर्ने),
  - सम्झौता पत्रको सक्कल प्रति,
  - अभिमुखीकरण तालिम लिएको हुनुपर्ने,
  - निरोगिताको प्रमाणपत्र, बीमा गरेको कागजात, कल्याणकारी कोषमा रकम बुझाएको प्रमाण,
  - निजको वा नजिकको हकवालाको बैंक खाता नं. मोबाइल नं र इमेल ठेगाना आदि।
- **पुनः श्रम स्वीकृतिको लागि चाहिने आवश्यक कागजातहरुः-**
  - अनलाइन आवेदन,प्रवेशाज्ञा (VISA), राहादानी र सोको प्रतिलिति,
  - यस अघि श्रम स्वीकृती लिएको निस्सा,
  - निरोगिताको प्रमाणपत्र,
  - कल्याणकारी कोषमा रकम बुझाएको प्रमाण, बीमा गरेको कागजात,
  - रोजगार सम्झौता पत्र वा अफर लेटर ( सोही मुलुकको फरक कम्पनीको हकमा),
  - घरेलु कामदारको हकमा सम्बन्धित देश स्थित दुतावास र नियोगको अनुसूची -८ बमोजिम,
  - तोकिएको अन्य कागजात।

**बोधार्थः-**

श्री वडा कार्यालय सबैः जानकारीको लागि वडा स्तरमा सूचना प्रकाशन गर्नुहुन।

सम्पर्क व्यक्तिः- सन्देश श्रेष्ठ (रोजगार संयोजक), ९८६०१८६८२९

सन्देश श्रेष्ठ
रोजगार संयोजक

सुरेन्द्र खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत